# नेपाल राजपत्र

## भाग ३

श्री ५ को सरकारद्वारा प्रकाशित

खण्ड २४] काठमाडौं, साउन २१ गते २०३१ साल [संख्या १७


### श्री ५ को सरकार
### अर्थ मन्त्रालयको
### सूचना

भन्सार ऐन (संशोधन सहित), २०१९ को दफा ९ को उपदफा (१) ले दिएको अधिकार प्रयोग गरी श्री ५ को सरकारले निम्न दफा दफामा लेखिएबमोजिमको कामको लागि प्रयोग गर्ने गरी खरीद गरेको वा पैठारी गरी ल्याएको डिजेल आयल (एच. डी. ओ.) मा निम्न लेखिएबमोजिम आंशिकरूपमा भन्सार महसूल छुट दिएको छ ।

(१) विभिन्न उद्योग फैक्ट्री (मिल) हरूको लागि सो उद्योगले पैठारी गरी ल्याएको वा खरीद गरेको डिजेल आयल (एच्. डी. ओ. वा आर्. डी. ओ.) सो उद्योगलाई के कति ग्यालन खपत हुन्छ वा भएको छ सो उद्योग विभागबाट रहेका फैक्ट्री इन्स्पेक्टर भए निजबाट प्रमाणित गरी र सो नरहेको फैक्ट्रीहरूको हकमा भन्सार वा अन्तःशुल्क कार्यालयबाट प्रमाणित गराई र स्थानीय अञ्चलाधीश मार्फत सिफारिश गराई सम्बन्धित कागजात सहित भन्सार कार्यालयमा पेश गरेमा २०३० साल कार्तिक २४ गतेदेखि प्रति ग्यालन रु. १।३५ (एक रूपैयाँ पैंतीस पैसा) को दरले पैठारी भएकै बखत छुट दिने ।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(२) कृषि कामको लागि चाहिने आयल ईञ्जिन ट्याक्टरहरू प्रयोग गर्ने किसानलाई डिजेल दिनका निमित्त चाहिने जति परिमाण स्थानीय कृषि अधिकृत (राजपत्राङ्कित) को सिफारिशलाई प्रमुख जिल्ला अधिकारीले अनुमोदन गरेको प्रमाण सम्बन्धित भन्सारमा पेश गरेमा सो डिजेल आयल पैठारी भएकै बखत प्रति ग्यालन १।३५ (एक रूपैयाँ पैंतीस पैसा) को दरले छुट दिने ।

(३) खण्ड १७ संख्या ४५ मिति ०२४।११।१४ को र खण्ड १८ संख्या ३६ मिति ०२५।९। ९ को नेपाल राजपत्र भाग ३ मा प्रकाशित यस मन्त्रालयको सूचना खारेज गरिएको छ ।

आज्ञाले—
भरतबहादुर प्रधान
श्री ५ को सरकारको सचिव

मुद्रण विभाग

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।